# निजामती सेवा पुरस्कार, २०७२ को लागि सिफारिश गर्ने फाराम

| | |
|---|---|
| कर्मचारीको नाम | श्याम किशोर यादव |
| सङ्केत नं. | १३९२६६ |
| पद | सि.डि.इ. |
| श्रेणी | रा.प.द्वितीय |
| सेवा | नेपाल इन्जिनियरिङ |
| समूह | सिभिल |
| लिङ्ग | पुरुष |
| समावेशीताको आधार | मधेसी |
| सुरु नियुक्ती मिति | २०५२।१।२८ |
| हालको पदमा नियुक्ती मिति | २०६३।५।७ |
| हाल कार्यरत कार्यालय र भौगोलिक क्षेत्र | उर्जा मन्त्रालय |
| यस अघि काम गरेको भौगोलिक क्षेत्र | उदयपुर, ओखलढुङ्गा |
| कर्मचारीले विभागीय कारवाही पाए नपाएको विवरण | नपाएको |
| असाधारण विदा लिए नलिएको विवरण | नलिएको |
| सिफारिश गरिएको पुरस्कार | उत्कृष्ट निजामती सेवा पुरस्कार |
| पुरस्कारका लागि सिफारिश गर्नुपर्नाको कारण तथा कर्मचारीले गरेको उदाहरणीय कार्य | १. नेपाल भारत संयुक्त सप्तकोशी उच्च बाँध तथा सुनकोशी कमला डाइभर्सन आयोजना अन्तर्गत सशस्त्र द्वन्द्व को बेलामा कटारी सव-डिभिजनको प्रमुख (मिति २०६१।१०।१० देखि २०६३।५।५ सम्म) भई कार्यरत रहँदा सुनकोशी बाँधस्थलमा अन्वेषणको कार्य अगाडी बढाउन उदयपुरको सोरुङ्ग छविसे स्कुलमा माओबादी सँग वार्ता गरी अन्वेषण कार्य अगाडी बढाएको ।<br>२. उर्जा मन्त्रालय अन्तर्गत विद्युत विकास विभागमा कार्यरत रहँदा विद्युत उत्पादनको अनुमति पत्र प्रदान गर्ने कार्यमा आफ्नो संलग्नता रहेको र आफूले पेश गरेको रायको आधारमा जारी गरिएको २१०० मेगावाट क्षमताको जलविद्युत आयोजनाहरुको (आयोजना विकास सम्झौता सम्पन्न भएका ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली र ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत आयोजना समेत) अनुमति पत्र अन्तर्गत थुप्रै आयोजनाहरु सञ्चालनमा रहेकोले देशमा विद्यमान लोडसेडिङ न्युनीकरणमा आफ्नो पनि योगदान रहेको ।<br>३. प्रदान गरिएको जलविद्युत आयोजनाको अनुमति पत्रको शर्त प्रवर्धकले पालना गरे नगरेको विषयमा अनुगमन |

| | |
|---|---|
| | निरिक्षण गरी प्रतिवेदन पेश गरेको । दुई वटा जलविद्युत आयोजना हरुले शर्त पुरा नगरेको आधारमा विद्युत ऐन, २०४९ अनुसार कारवाही गरी नियमित गराएको ।<br>४. सन् २०१३ मा काठमाडौमा भएको नेपाल–भारत संयुक्त जलस्रोत समितिको बैठक आयोजना गर्न प्रमुख भूमिका निर्वाह गरेको ।<br>५. जलविद्युत अनुमति पत्र व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक पर्ने विभिन्न निर्देशिकाहरु तयारीमा संलग्नता रहेको ।<br>६. लोडसेडिङ न्यूनीकरण कार्ययोजना, २०६८ बमोजिम २०७१ साल चैत्र मसान्त सम्म व्यापारीक उत्पादन गर्ने जलविद्युत आयोजनाहरुलाई सुविधा प्रदान गर्ने कार्यमा प्रमुख रुपमा योगदान पुऱ्याएको ।<br>७. प्रचलित विद्युत ऐन तथा आर्थिक विधेयक अनुसार जलविद्युत प्रवर्धकहरुलाई भन्सार कर, सुविधा लगायतका कार्यमा संलग्न रहेको ।<br>८. आ.व.२०७१।७२ को बजेट वक्तव्यमा आ.व.२०७९।८० साल सम्म जलविद्युत उत्पादन गर्ने आयोजनाहरुलाई ५० लाख प्रति मेगावाट अनुदान प्रदान गर्ने उल्लेख भए अनुसार सो को लागि आवश्यक पर्ने "निर्माण सम्पन्न जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि, २०७२" तयारीमा आफ्नो प्रमुख संलग्नता रहेको साथै उक्त कार्यविधि अनुसार अनुदान सिफारिसको कार्य आफ्नै संलग्नतामा शुरु समेत भइसकेको ।<br>९. आफू मातहतका कर्मचारीलाई प्रशिक्षण/निर्देशन दिएको। |
| | सिफारिश कर्ता सम्बन्धित मन्त्रालय/आयोग/कार्यालय/ निकायको सचिवको |
| | दस्तखत : |
| | नाम : राजेन्द्र किशोर क्षेत्री |
| | मिति : २०७२।४।३२ |

# निजामती सेवा पुरस्कार, २०७२ को लागि सिफारिश गर्ने फाराम

| | |
|---|---|
| कर्मचारीको नाम | हिरा गिरी |
| सङ्केत नं. | ९३३७१ |
| पद | उपसचिव (लेखा) |
| श्रेणी | रा.प.द्वितीय |
| सेवा | प्रशासन |
| समूह | लेखा |
| लिङ्ग | पुरुष |
| समावेशीताको आधार | |
| सुरु नियुक्ती मिति | २०३९।१।१५ |
| हालको पदमा नियुक्ती मिति | २०६४।१०।१ |
| हाल कार्यरत कार्यालय र भौगोलिक क्षेत्र | बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति, काठमाडौ |
| यस अघि काम गरेको भौगोलिक क्षेत्र | क, ग, ख, ग (अर्थात काठमाडौ, धनकुटा, दोलखा, नुवाकोट) |
| कर्मचारीले विभागीय कारवाही पाए नपाएको विवरण | नपाएको |
| असाधारण विदा लिए नलिएको विवरण | नलिएको |
| सिफारिश गरिएको पुरस्कार | उत्कृष्ट निजामती सेवा पुरस्कार |
| पुरस्कारका लागि सिफारिश गर्नुपर्नाको कारण तथा कर्मचारीले गरेको उदाहरणीय कार्य | १. यस विकास समितिमा शुरु देखि नै अर्थात २०७० बैशाख २६ गते देखि कार्यरत उपसचिव (लेखा) श्री हीरा गिरीले सुरुका १४ महिना एक्लैले (लेखामा अन्य कर्मचारी नभएको) आर्थिक प्रशासन शाखा सञ्चालन गरेको ।<br>२. विकास समितिको आर्थिक निर्देशिका बनाउने, बजेट बनाउने, कार्यक्रम बनाउने तथा प्रगति प्रतिवेदन तयार गर्ने कार्यमा सक्रिय सहयोग पु¥याउँदै आउनु भएको ।<br>३. विकास समितिको कार्यक्रम अनुसार निकासा माग गर्ने, खर्च भै आएका विषयमा नियमानुसार भूक्तानीको लागि पेश गर्ने, खर्चको हिसाव किताव रितपूर्वक राखी आर्थिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने कार्य चुस्त दुरुस्त साथ समयमानै गरेको ।<br>४. खर्च भएका श्रेस्ता ठिक दुरुस्त राखि आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराएको । लेखा परीक्षणबाट औँल्याएका बेरुजु लगत राखी बेरुजु फछ्र्यौट हुने प्रमाण जुटाई सम्परीक्षण्को लागि जम्मा रु. ९,०४,२७,७१९।२५ (नौ करोड चार लाख सत्ताइस हजार सात सय उन्नाईस र पैसा पच्चीस) म.ले.प. कार्यालयमा प्रस्तुत गरेको । |

| | |
|---|---|
| | ५. परामर्शदाताबाट पेश भएका दाबी रकम भूक्तानीको लागि रिपोर्ट एवं सम्झौता अध्ययन गरी नियमानुसार पेश गरेको ।<br>६. विकास समितिबाट आह्वान गरिएका सिलवन्दी दरभाउ पत्र एवं बोलपत्रहरुको मूल्याकंन कार्यमा संलग्न रही मूल्याकंन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको ।<br>७. विकास समितिको स्टोर व्यवस्थापन भौतिक साधनको स्याहार संभार गर्ने कार्य एवं सम्पूर्ण कार्यालय व्यवस्थापन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको ।<br>८. कार्यकारी निर्देशकलाई आर्थिक एवं प्रशासनिक विषयमा महत्वपूर्ण राय सल्लाह प्रदान गरी विकास समितिको लक्ष्य अनुसार प्रगति हासिल गराउने कार्यमा दत्त चित्त साथ लागि परेको ।<br>९. विकास समितिबाट आयोजना भएका विभिन्न गोष्ठी तथा अन्तरक्रियामा भाग लिई सक्रिय सहभागिता जनाएको । |
| | सिफारिश कर्ता सम्बन्धित मन्त्रालय/आयोग/कार्यालय/ निकायको सचिवको |
| | दस्तखत : |
| | नाम : |
| | मिति : |